# संसदीय सुनुवाई समितिमा प्रस्तुत अवधारणापत्र र कार्ययोजना


प्रस्तुतकर्ता

**महेश शर्मा पौडेल**

न्यायाधीश, उच्च अदालत पाटन


सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि न्याय परिषदबाट सिफारिश


मार्ग, २०८०

काठमाडौं

# संसदीय सुनुवाई समिति समक्ष प्रस्तुत अवधारणापत्र र कार्ययोजना

**महेश शर्मा पौडेल**

**प्रस्तावित न्यायाधीश, सर्वोच्च अदालत**

**संसदीय सुनुवाई समितिका माननीय सभापतिज्यू,**

**समितिका माननीय सदस्यज्यूहरु।**

## १. विषय प्रवेश

नेपालको संविधानको धारा १५३ बमोजिम न्याय परिषदबाट सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि मेरो नाम सिफारिस भएको छ । यस अवसरमा म न्यायपरिषद्प्रति हार्दिक आभार प्रकट गर्दछु ।साथै, सम्मानित समितिमा उपस्थित भई आफ्नो कार्ययोजना र अवधारणापत्र साथ आफूलाई परीक्षणका लागि प्रस्तुत गर्ने अवसर प्राप्त भएको छ । यसका लागि माननीय सभापतिज्यू लगायत सम्पूर्ण माननीय सदस्यज्यूहरुमा हार्दिक कृतज्ञता र धन्यवाद ज्ञापन गर्दछु ।

नेपालको संविधानको धारा २९२ को उपधारा (१) मा संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनु अघि संघीय कानून बमोजिम संसदीय सुनुवाइ हुने व्यवस्था रहेको छ। कार्यकारिणीले सार्वजनिक महत्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्तिहरु तथा पदाधिकारीहरुको दक्षता, क्षमता र इमान्दारिता व्यवस्थापिकाद्वारा परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जवाफदेही तुल्याउने मान्यताका आधारमा संसदीय सुनुवाईको व्यवस्था विभिन्न मुलुकमा खासगरी कार्यपालिकीय प्रमुखबाट न्यायाधीश नियुक्तिका लागि सिफारिस हुने प्रणाली रहेका देशमा बढी रुपमा अभ्यासमा रहेको छ । नेपालमा पनि नेपालको अन्तरिम संविधान,२०६३ जारी भएपछि राज्यका महत्वपूर्ण पदहरुमा नियुक्ति अघि संसदीय सुनुवाई गरिने यस्तो संवैधानिक व्यवस्था सुरु भएको हो । यस व्यवस्थाले जननिर्वाचित सार्वभौम संसदको सम्मानित समिति मार्फत सार्वजनिक महत्वका पदमा नियुक्ति हुने व्यक्तिको कार्यसम्पादन, आचरण र निष्ठा लगायतका पक्षहरुमा परीक्षण हुने, निजप्रतिको नागरिकको धारणा जानकारी हाँसिल हुने र प्रस्तावित व्यक्तिले नियुक्ति पछि आफूले सम्पादित गर्ने कार्य सम्बन्धी कार्ययोजना, सोच र दृष्टिकोणहरु

सार्वभौम संसदीय सुनुवाई समिति र समिति मार्फत आम नागरिक समक्ष प्रस्तुत गर्ने तथा माननीय सदस्यज्यूहरुबाट उपयोगी सुझाब र पृष्ठपोषण लिने महत्वपूर्ण अवसर प्राप्त भएको छ ।

उल्लिखित पृष्ठभूमिमा नेपालको संविधानको धारा २९२ तथा संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा १९ को व्यवस्था समेतको आधारमा संसदीय सुनुवाइको प्रयोजनका लागि यो अवधारणा र कार्य योजना एवं आफ्नो प्रतिबद्धता प्रस्तुत गरेको छु। मेरो यस अवधारणापत्रको प्रस्तुतीका क्षेत्र देहायबमोजिम रहेका छन् ।

- न्याय र न्यायपालिका
- न्यायपालिकाको बस्तुस्थिति विश्लेषण
- न्यायसम्पादनका मार्गदर्शक आधारहरु
- कार्ययोजना र प्रतिवद्धता
  - ✓ न्यायाधीशको रुपमा
  - ✓ अदालत व्यवस्थापनको कार्य
  - ✓ नीतिगत कार्य

## २ न्याय र न्यायपालिका

न्याय सत्य हो । न्याय सन्तुष्टि र अनुभूति पनि हो। न्याय भनेको उचित र अनुचित बिचको निरुपण हो। न्याय र यसको सम्पादन गर्ने न्यायालय दुबै आधुनिक, सभ्य र लोकतान्त्रिक राज्यका महत्वपूर्ण आधार हुन्। न्यायपालिका व्यक्तिको अधिकारको संरक्षक हो। लोकतन्त्रमा न्यायपालिकालाई जनआस्थाको धरोहर र केन्द्रबिन्दु मानिन्छ। न्यायपूर्ण समाज निर्माणको लागि संविधान मार्फत व्यक्त गरिएका राज्यको प्रतिवद्धतालाई व्यवहारमा रूपान्तरण गर्न र कार्यान्वयनमा ल्याउन तथा आफूसमक्ष परेका विवादको निरूपण गर्ने कार्यमा न्यायपालिकाले विशेष भूमिका निर्वाह गरेको हुन्छ। मानव अधिकार, मौलिक हक, संवैधानिक र कानूनी अधिकारको संरक्षण गर्न तथा व्यक्तिलाई प्राप्त हक अधिकारको प्रचलनको लागि न्यायपालिकाले अन्तिम सहाराको रुपमा भूमिका निर्वाह गरेको हुन्छ। यसैले न्यायपालिकालाई व्यक्तिको अधिकारको धरोहर र पहरेदारको संज्ञा पनि दिइन्छ।

सर्वोच्च अदालतको संवैधानिक विकासलाई नियाल्दा नेपाल सरकार वैधानिक कानून, २००४ आउनुभन्दा पहिले वि.सं. १९९७ सालमा कार्यपालिकाबाट न्यायपालिकालाई अलग

गरी स्वतन्त्र न्यायपालिकाको मान्यतालाई स्वीकार गरिएको थियो । नेपाल सरकार वैधानिक कानून, २००४ र नेपालको अन्तरिम शासन विधान, २००७ तथा प्रधान न्यायालय ऐन, २००८ ले प्रधान न्यायालयलाई निरन्तरता दिएको पाइन्छ । वि.सं. २०१३ सालमा प्रधान न्यायालय ऐनलाई खारेज गरी सर्वोच्च अदालत ऐन जारी भएपछि सर्वप्रथम राज्यको उच्चतम अदालतलाई सर्वोच्च अदालत नामाकरण गरियो । तत्पश्चात् जारी भएका नेपाल अधिराज्यको संविधान, २०१५, नेपालको संविधान, २०१९, नेपाल अधिराज्यको संविधान, २०४७ र अन्तरिम संविधान, २०६३ र बर्तमान संविधानले समेत सर्वोच्च अदालतलाई यथावत् कायमै राखेको पाइन्छ ।

नेपालको संविधानको धारा १२६ ले नेपालको न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग हुने संवैधानिक व्यवस्था गरेको छ। संविधानको धारा १२७ ले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी ३ तहका नियमित अदालतको व्यवस्था गरेको छ। त्यसैगरी संविधानको धारा १५२ ले खास किसिम र प्रकृतिका मुद्दाहरुको कारवाही र किनारा गर्न संघीय कानून बमोजिम विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणहरुको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था रहेको र उक्त संवैधानिक व्यवस्था बमोजिम हाल नेपालमा ९६ वटा नियमित प्रकृतिका अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरु १० गरी जम्मा १०६ न्यायिक निकायहरुबाट न्यायसम्पादनको कार्य सुचारु रहेको छ । त्यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा ७५३ न्यायिक समितिबाट पनि न्यायिक कार्य सम्पादित भइरहेको छ ।

### ३. न्यायपालिकाको बस्तुस्थिति विश्लेषण

न्यायपालिकाको वर्तमान अवस्थाको चित्रण यस गरिमामय समिति समक्ष राख्न म सामयिक र सान्दर्भिक ठान्दछु । यस क्रममा म न्यायपालिकाका सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती (Strengths, Weaknesses, Opportunities, and Threats) लाई संक्षेपमा राख्न चाहन्छु ।

**सबल पक्ष**

- नेपालमा वर्तमान संविधानले न्यायपालिका सम्बन्धमा स्पष्ट संवैधानिक व्यवस्था गरेको छ ।
- राज्यमा न्यायसम्पादनका लागि नियमित अदालत, विशिष्टिकृत अदालत, न्यायाधिकरण लगायतका स्थायी संरचनाहरु रहेका छन् ।

- न्याय सम्पादनका लागि स्पष्ट कानूनी व्यवस्था,कार्यविधि र कार्यप्रणाली प्रचलनमा रहेका छन् ।
- अनुभवी मानव संशाधनको उपलब्धता र न्यायाधीश तथा कर्मचारीको क्षमता विकास संयन्त्रको व्यवस्था रहेको छ ।
- न्यायिक सुधारका लागि प्रतिवद्ध वर्तमान न्यायिक नेतृत्व रहेको छ ।
- भौतिक पूर्वाधारको उपलब्धता र सर्वोच्च अदालतको खर्च सञ्चित कोषमा व्ययभार हुने व्यवस्था छ ।
- न्याय सम्पादनका कामकारवाहीमा सूचना प्रविधिको अधिकतम रुपमा प्रयोग भइरहेको छ ।
- अन्याय हुँदा न्यायपालिका अन्तिम सहारा हो भन्ने आम धारणा रही न्यायपालिकाप्रति जनआस्था र विश्वास रहेको छ ।
- प्रत्येक वर्ष मुद्दाको संख्या बढ्दै गएकोमा मुद्दाको फछ्र्यौट संख्यामा पनि वृद्धि भइरहेको छ ।

**कमोजोरी वा समस्या**

- सर्वोच्च अदालतमा पुराना मुद्दालाई अपेक्षित रुपमा न्यूनीकरण गर्न नसकिएको र फछ्र्यौट हुन बाँकी मुद्दाहरु ठुलो संख्यामा रहेका छन् ।[1] उच्च र जिल्ला अदालतमा भने धेरै पुराना मुद्दाहरुको संख्या न्यून रहेको छ ।
- रणनीतिक योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन हुन नसकेको र सरोकारवालाको स्वामित्वभाव अपेक्षाकृत रुपमा हुन नसकेको समेतका कारण पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन ।

---

[1] २०८० साल मार्ग १५ गतेसम्मको तथ्यांक हेर्दा सर्वोच्च अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको २८,१३४ र नयाँ दर्ता ४५३६ गरी जम्मा ३२,६७१ लगत कायम भएकोमा सोही अवधीमा ४६९९ फछ्र्यौट भई २७,९७२ थान मुद्दा बाँकी रहेको देखिन्छ। बाँकी मध्ये १५,०७८ थान मुद्दा २ वर्ष नाघेको र ४,३२९ थान मुद्दा पाँच वर्षको अवधि नाघेको देखिन्छ। २०८० कार्तिक मसान्तसम्म देश भरका तीनवटै तहका अदालतमा २५०६१ मुद्दा दुई वर्ष नाघेको अवस्था छ ।

- उच्च अदालत र जिल्ला अदालतमा लागू भएको फरक मुद्दा व्यवस्थापन पद्धतिको कार्यान्वयन अपेक्षित रुपमा हुन सकेको छैन । यो पद्धती लागू हुनुपूर्वका केही मुद्दा अहिले पनि बिचाराधिन छन् ।[२]
- फैसला कार्यान्वयनको विषय फैसलाको मुटु भएपनि फैसला कार्यान्वयनमा अपेक्षित प्रभावकारिता हाँसिल गर्न सकिएको छैन ।[३]
- न्यायिक सुशासन कायम गर्ने कुरा अदालतको प्राथमिकताको विषय रहेको र कार्य भइरहेको भएपनि पूर्ण रुपमा न्यायिक सुशासन कायम भएको अनुभूति हुन सकेको छैन ।
- मुद्दाको सङ्ख्यामा वृद्धि भएको अनुपातमा जनशक्ति तथा भौतिक, आर्थिक स्रोत र सूचना प्रविधि लगायत अन्य विविध पक्षहरुमा वृद्धि र पर्याप्त हुन सकेको छैन ।[४] कार्यरत जनशक्तिको पनि क्षमता र दक्षता विकास कसरी गर्ने भन्ने पनि सवाल रहेको छ ।

---

[२] २०७७ साल साउन १ गतेदेखि जिल्ला अदालतहरु र भाद्र १ गते देखि उच्च अदालतहरुमा फरक मुद्दा व्यवस्थापन पद्दती लागू भएको हो । फरक मुद्दा व्यवस्थापनको अवधारणामा अदालतमा आउने सबै मुद्दाहरू उस्तै हुँदैनन्, मुद्दाको प्रकृति, यसमा उठाइएको प्रश्न वा निरूपण हुनुपर्ने प्रश्न तथा मुद्दाको कारवाहीमा लाग्ने समय समेतका आधारमा मुद्दाहरू फरक फरक हुने हुँदा प्रत्येक मुद्दालाई फरक फरक तरिकाले व्यवस्थापन गर्नुपर्ने हुन्छ भन्ने मान्यता राखिन्छ।

[३] फौजदारी मुद्दामा २०८० असार मसान्तको तथ्यांकबाट १ लाख ९ हजार वर्ष भन्दा बढी कैद र १९ अर्ब ३९ करोड ८४ लाख भन्दा बढी जरिवाना असूल गर्न बाँकी रहेको अवस्था छ।

[४] सबै तहका अदालतहरुमा आर्थिक वर्ष २०६९/०७० मा मुद्दाको वार्षिक लगत १,५४,२४० रहेकोमा आर्थिक वर्ष २०७९/०८० मा ३,३७,६०२ वार्षिक लगत कायम भई १० वर्षको तुलनामा ११८ प्रतिशतले मुद्दाको लगत वृद्धि भएको देखिन्छ। त्यसैगरी आर्थिक वर्ष २०६९/०७० मा सबै अदालतहरुले वार्षिक जम्मा ७७,७३९ मुद्दा फछ्र्यौट गरेकोमा आर्थिक वर्ष २०७९/०८० मा १,८१,३३८ मुद्दा फछ्र्यौट गरी १० वर्षको तुलनामा १३३ प्रतिशतले बढी मुद्दा फछ्र्यौट गर्दा हाल सबै अदालतहरुमा गरी बाँकी जिम्मेवारी १,५६,२६४ मुद्दा फछ्र्यौट गर्न बाँकी रहेको देखिन्छ। कार्यरत जनशक्ति हेर्ने हो भने आर्थिक वर्ष २०६९/०७० मा न्यायाधीशको दरबन्दी ३१५ तथा न्यायाधीश र कर्मचारीको गरी ४५७९ रहेकोमा आर्थिक वर्ष २०७९/०८० मा न्यायाधीशको ४६८ र न्यायाधीश र कर्मचारी दुवैको जम्मा ६५७९ रहेको देखिन्छ । यसरी हेर्दा मुद्दाको लगत ११८ प्रतिशतले बढेको तर जनशक्ति भने ६९ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ ।

- अनुसन्धानमा आधारित संगठन विकास र व्यवस्थापनको सुधार संस्थागत हुन सकेको छैन ।
- उच्च अदालतलाई प्रदेश र स्थानीय कानून संविधानसंग बाझिएमा बदर गर्ने क्षेत्राधिकार नरहेको जस्ता कारणले सर्वोच्च अदालतमा कार्यबोझ रहेको अवस्था छ।

**अवसर**

- लोकतन्त्र, विधिको शासन तथा संघियताको प्रवर्द्धनमा न्यायपालिकाको भूमिका र यसप्रतिको अपेक्षामा वृद्धि भएको एवं न्यायपालिकाप्रतिको विश्वास र स्वीकार्यतामा अभिवृद्धि भइरहेको छ ।
- न्यायपालिकाको रणनीतिक योजनाको राष्ट्रिय योजनामा सम्बोधन भएको छ ।
- न्याय सम्पादनलाई प्रभावकारी बनाउन कानूनमा सामयिक सुधारका कार्य भइरहेका छन् ।
- सरोकारवालाहरू र नागरिक समाजको समन्वय, सद्भाव र सहयोग प्राप्त भइरहेको छ ।
- सूचना संजालको न्याय सम्पादनमा सकारात्मक प्रभाव परेको छ ।
- विश्वव्यापीकरण र अन्तर्राष्ट्रिय परिवेशबाट न्यायपालिकाको स्तरीकरणको अवसर प्राप्त भएको छ ।
- नागरिकको सशक्तिकरण भई आफ्ना अधिकारको उपयोगमा सजग रहेका छन् ।

**चुनौती**

- न्यायिक स्वतन्त्रता र स्वायत्तताका मूल्य मान्यताहरूको सुनिश्चितताको विषय।
- सरोकारवाला र सेवाग्राहीको बढदो अपेक्षाको सम्वोधन गर्ने विषय ।
- न्याय ढिलो, महङ्गो र अनिश्चित रहेको भन्ने जस्ता गुनासोलाई निराधार र मिथ्या साबित गर्ने विषय ।
- सरोकारवालाहरूसँगको अपेक्षित समन्वय, सहयोग र स्वामित्वभाव हाँसिल गर्ने विषय ।
- विकृति र विसङ्गति नियन्त्रण गरी न्यायिक सुशासन कायम गर्दै अदालतप्रतिको जनआस्थामा थप अभिवृद्धि गर्ने विषय ।
- रणनीतिक योजना अनुरुपको बजेटको प्राप्तिको विषय ।
- आवश्यक संख्या र गुणात्मक मानव संशाधनको आपूर्तिको विषय ।

- संचार क्षेत्रसँगको सम्बन्ध तथा मिडिया ट्रायलबाट सुरक्षित हुने वातावरण सृजनाको विषय ।
- न्यायको सहज पहुँचमा चुनौती, पीडितमैत्री न्यायप्रणालीको संस्थागत व्यवस्था र प्रभावकारी कार्यान्वयन जस्ता विषय ।
- छिटो छरितो र गुणात्मक न्यायिक सेवा प्रवाह गर्ने विषय ।

### ४. न्यायसम्पादनका मार्गदर्शक आधारहरु

मैले न्याय सम्पादन गर्ने मार्गदर्शक आधार देहायबमोजिम हुने छन् ।

- नेपालको संविधान र अन्य कानून ।
- न्यायका मान्य सिद्धान्त, जस्तै ।
    - छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र सबैका लागि न्याय प्रदान गर्ने,
    - कानूनको शासन प्रवर्द्धन गर्ने,
    - न्यायिक सक्षमताको माध्यमबाट स्वतन्त्र र निष्पक्ष रुपमा न्याय सम्पादन गर्ने,
    - संविधान, कानून, आम सेवाग्राही र जनताप्रति उत्तरदायी हुँदै जवाफदेहिता कायम गर्ने,
    - न्यायिक सुशासन कायम गर्ने,
    - न्यायिक प्रक्रियामा स्वच्छता, निश्चितता र समानताको प्रत्याभूति गर्दै न्यायमा सहज पहुँच अभिवृद्धि गर्न प्रतिबद्ध रहने,
    - सेवा प्रवाहमा नैतिकता, निष्ठा र इमान्दारिता कायम राख्ने,
    - अदालतका पञ्चवर्षीय रणनीतिक योजनामा परिलक्षित कुराहरु,
    - न्यायाधीशहरुको आचार संहितामा व्यवस्थित आचरणका नियमहरु ।

### ५. कार्ययोजना र प्रतिवद्धता

अदालतको कार्य प्रकृति अन्य निकायको भन्दा भिन्न र विशिष्ट प्रकृतिको रहेको हुन्छ । मूलतः न्याय सम्पादन नै अदालतको मुख्य कार्य हो । यसैले विवादको निरोपण नै न्यायाधीशको मुख्य कार्यको रुपमा रहेको हुन्छ । यही मुख्य कार्यलाई सहयोगका लागि अदालतमा अन्य व्यवस्थापकीय कार्य गर्नुपर्ने हुन्छ । म सर्वोच्च अदालतमा नियुक्ति भएमा न्यायाधीशको रुपमा न्यायसम्पादनको कार्य गर्ने मुख्य कार्य जुन मैले स्वतन्त्रतापूर्वक निर्वहन गर्न सक्ने र अदालतको व्यवस्थापनको कार्यमा म प्रशासकीय र प्रत्यक्ष भूमिकामा नहुने भएकाले सो कार्यमा सहयोगी

र पृष्ठपोषणको भूमिकासम्म रहने हुन्छ । त्यसैले सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति भएपछि मेरो कुनै भिन्न कार्ययोजना भन्दा पनि न्यायपालिकाले अवलम्बन गरेको पञ्चवर्षीय रणनीतिक योजना र न्यायिक नेतृत्व अर्थात सम्माननीय प्रधान न्यायाधीशले अख्तियार गर्नुभएका कार्ययोजना अनुरुप नै कार्य गर्नुपर्ने हुन्छ।

नेपालमा न्यायपालिकामा रणनीतिक योजनाका माध्यमबाट सुधारका कार्यहरु अगाडि बढाइएको छ । न्यायपालिकामा रणनीतिक योजनाको प्रयोग दक्षिण एशीयामा नै नौलो मानिने अवस्थामा नै २०६१ सालमा योजनाबद्ध सुधारको प्रक्रिया प्रारम्भ भई अहिले चौथो पञ्चवर्षीय रणनीतिक योजना पनि अन्तिम वर्षमा पुगेको र पाँचौ पञ्चवर्षीय रणनीतिक योजना तर्जुमाको संघारमा छौ । बिगतदेखिको हालसम्मका पञ्चवर्षीय रणनीतिक योजनाबाट न्यायपालिकाको काम कारवाहीमा प्रभावकारीता आएको, योजनाबद्ध कार्य संस्कृतिको विकास भएको, मुद्दाको फैसलाको संख्यामा वृद्धि भएको, बक्यौता न्यूनीकरणमा सुधार भएको, मानव संसाधन व्यवस्थापनमा सुधार भएको, भौतिक पूर्वाधारमा सुधार भएको, सूचना प्रविधिको प्रयोगमा विस्तार भएको, योजनाबद्ध कार्य संस्कृतिको विकास भएको, सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा अभिवृद्धि भएको आदि उपलब्धिहरू भएका छन् ।

न्यायपालिकाको चालु चौथो रणनीतिक योजनामा छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन गर्ने, न्याँयमा पहुँच अभिवृद्धि गर्ने, न्यायपालिका प्रतिको जनआस्था र विश्वास अभिवृध्दि गर्ने तेस्रो रणनीतिक योजनाका तीनवटा लक्ष्यहरूलाई निरन्तरता दिँदै न्यायिक सुशासनको प्रवर्धन र अदालत व्यवस्थापनको सुदृढीकरण गर्ने नयाँ लक्ष्यहरू गरी जम्मा पाँच वटा लक्ष्य निर्धारण गरिएको छ । मुद्दाको शीघ्र फछ्र्यौट गर्ने,न्यायिक काम कारवाही तथा मुद्दा को फैसलामा गुणस्तरीयता अभिवृद्धि गर्ने, फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने, न्यायिक स्वतन्त्रता र स्वायत्तताको प्रवर्द्धन गर्ने, अदालतबाट प्रवाह हुने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने, अदालतका काम कारवाही सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि अभिवृद्धि गर्ने, न्यायिक उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धि गर्ने जस्ता न्यायिक कार्यसंग सम्बन्धित रणनीतिक उद्देश्यहरु निर्धारित गरिएको छ ।

यस रणनीतिक योजनामा न्यायिक जनशक्तिको कार्य संस्कृतिमा सुधार गर्ने, अदालतको काम कारवाहीमा अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाउने, मानव संशाधन व्यवस्थापन सुदृढ बनाउने, भौतिक र सेवा पूर्वाधारमा सुधार एवम् वित्तीय व्यवस्थापन गर्ने, सूचना प्रविधिको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने, संहिताहरूको नतिजामूलक र प्रभावकारी

कार्यान्वयनको व्यवस्थापन गर्ने, न्यायिक अध्ययन, अनुसन्धान पद्धतिको विकास गर्ने, योजना कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाउने, ,न्यायिक सूचना, संचार र शिक्षा पद्धतिको सुधार गर्ने र अदालतका सरोकारवालाहरू सँगको सम्बन्ध र सहयोगलाई सुदृढ तुल्याउने लगायतका अदालत व्यवस्थापनसंग सम्बन्धित रणनीतिक उद्देश्यहरु पनि रहेका छन् ।

यस योजनामा निर्दिष्ट लक्ष्य हाँसिल गर्नकालागि करिब ५० वटा मुख्य क्रियाकलाप र सो अन्तरगत ४२६ भन्दा बढी कार्यहरू प्रक्षेपित गरिएको छ । चालू पञ्चवर्षीय रणनीतिले व्यवस्था र प्रक्षेपण गरेका यी रणनीतिक योजनाको कार्यान्वयनका क्रममा न्यायाधीशको हैसियतले निर्वहन गर्नुपर्ने कार्यमा मेरो सदैव जोड रहने छ । पाँचौ पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयनमा पनि म सामूहिक र व्यक्तिगत दुवै रुपमा क्रियाशील रहने छु ।

सम्माननीय प्रधान न्यायाधीशज्यूबाट यसै सम्मानित समिति समक्ष सार्वजनिक सुनुवाईका क्रममा मिति २०८०।५।४ मा अवधारणा तथा कार्ययोजना प्रस्तुत गर्नु भएको छ । उक्त कार्ययोजनामा सम्माननीय प्रधानन्यायाधीशज्यूबाट गत वर्षदेखि नै अवलम्बन गरिएका पुराना बक्यौता मुद्दा न्यूनीकरणसम्बन्धी विशेष अभियानलाई निरन्तरता दिई समग्र फछ्र्यौट संख्यामा समेत वृद्धि गर्ने लगायतका कार्ययोजना प्रस्तुत गर्नु भएको थियो । यी कार्ययोजनाको कार्यान्वयनमा म सामूहिक र व्यक्तिगत दुवै रुपमा सदैव क्रियाशील र संकल्परत रहने छु ।

सर्वोच्च अदालतमा विचाराधीन पुराना बक्यौता मुद्दाको न्यूनीकरण कार्ययोजना अनुसार हाल सर्वोच्च अदालतमा पुराना मुद्दा न्यूनीकरण गर्ने कार्य अभियानकै रुपमा अघि बढेको छ । यस कार्ययोजनामा पाँच वर्ष पुराना मुद्दाहरु आ व २०८०/८१ को अन्त्य सम्ममा शुन्यमा ल्याउने (५+०) समेतका लक्ष्य सहित रणनीति तथा कार्ययोजना तर्जुमा भएको छ । सर्वोच्च अदालतले तर्जुमा गरेको यस कार्ययोजनासमेतका आधारमा पुराना मुद्दाको न्यूनीकरण गर्ने विषय मेरो पनि कार्यसम्पादनको प्राथमिकतामा पर्नेछ ।अब, म न्यायाधीशको रुपमा गर्ने प्रमुख न्यायिक कार्यको योजना, सोच र प्रतिवद्धता तथा अदालत व्यवस्थापन तथा नीतिगत रुपमा हुनुपर्ने कार्यमा मेरो दृष्टिकोण देहायका बुँदाहरुमा प्रस्तुत गर्दछु ।

**न्यायाधीशको रुपमा**

न्यायाधीशको मुख्य कार्य विवादको निरुपण गर्ने हो ।न्याय निरुपणको यो कार्य सर्वोच्च अदालतका न्यायाधीशहरुबाट स्वतन्त्र रुपमा सम्पादित हुने गर्छ । यसैले सर्वोच्च अदालतमा

नियुक्ति भएमा न्याय निरुपण गर्ने कार्य नै मेरो मुख्य कार्य हुने छ । सर्वोच्च अदालतको न्यायाधीशको रुपमा मैले न्याय सम्पादनको कार्य गर्दा देहायबमोजिम गर्ने छु ।

- न्यायिक स्वतन्त्रता, स्वायत्तता र न्यायिक मुल्य र मान्यताको जगेर्ना एवं न्यायपालिकाको जनआस्था अभिवृद्धि हुने गरी निष्ठा र इमान्दारिताका साथ न्यायिक कार्य सम्पादन गर्ने छु।
- नेपालको संविधान र आम नागरिकले सर्वोच्च अदालतबाट राखेको न्यायको अपेक्षा पुरा गर्ने र न्यायको अनुभूति गर्ने गरी न्याय सम्पादन गर्न म प्रयत्नरत रहने छु ।
- सर्वोच्च अदालतको न्यायाधीशको रुपमा आफूले विवाद निरुपण गर्दा दिर्घकालीन महत्वका न्यायिक विधिशास्त्रको विकास र राज्य तथा नागरिकप्रति योगदान गर्न सकुँ भन्ने मेरो चाहना हो ।आफ्ना कार्य, आचरण र व्यवहारबाट आफूलाई वास्तविक न्यायाधीशको रुपमा स्थापित गर्ने मेरो अभिलासा रहेको छ । मैले यस कुरालाई कार्यसम्पादनका सन्दर्भमा सदैव ध्यान दिने छु ।
- न्यायाधीशको आचरण र न्यायिक स्वतन्त्रता अन्योन्याश्रित हुन्छन् । न्यायाधीशको पद उत्तरदायित्वको पद हो। न्यायाधीशको आचार संहिताले सार्वजनिक उत्तरदायित्वको पनि अपेक्षा गर्दछ। आचार संहिताको पालनाबाट अदालतप्रतिको विश्वसनीयता तथा जनआस्थामा अभिवृद्धि पनि हुन्छ। यी कुराहरुलाई सदैव मध्यनजर गरी न्यायाधीशको आचार संहिता पालना गर्दै कसैको प्रभाव, दवाव, भनसुन, धम्की र आग्रहबाट मुक्त रही न्याय सम्पादनको कार्य गर्ने छु ।
- न्याय ढिलो, महङ्गो र अनिश्चित रहेको जस्ता गुनासा सुनिने गरेको सन्दर्भमा हाम्रा कार्य, व्यवहार र आचरणबाट यस्ता कुरा निराधार साबित गर्नुपर्छ । यस किसिमका गुनासो नआउने गरी न्याय सम्पादन गर्ने कुरामा मेरो सदैव ध्यान केन्द्रित रहने छ ।
- न्यायिक इमान्दारिता वा शुद्धता, स्वतन्त्रता, निष्पक्षता न्यायिक कार्यको प्रभावकारी रूपमा संचालनका लागि प्रमुख शर्त हुन् । न्यायिक स्वतन्त्रता र निष्पक्षता, न्यायिक इमान्दारिता, न्यायिक उत्तरदायित्व र न्यायिक पारदर्शीता जस्ता मान्यता र माध्यमका आधारमा न्यायिक सुशासन कायम गर्ने कुरामा म सदैव क्रियाशील रहने छु।
- सर्वोच्च अदालतमा मुद्दाको कुल संख्या तथा पुराना मुद्दाको संख्या समेत अत्यधिक रहेकोले छिटो छरितो रुपमा न्याय सम्पादन गर्ने र पूराना बक्यौता मुद्दाहरुको फछ्यौंट गर्ने विषय मेरो प्राथमिकतामा रहने छ ।

- आफ्नो इजलासमा सुनुवाईका क्रममा मुद्दाको प्रकृति र बहसमा लाग्न सक्ने समयको अनुमान गरी पक्षहरुलाई बहस समय निर्धारित गर्ने, मानवीय कारण परेमा बाहेक पुराना मुद्दाको पेशी स्थगित नहुने स्थिति कायम गर्न वहशमा **Lead Lawyer** अवधारणा लागू गरी १ जना **Lead** कानुन व्यवसायीको बहस सुन्ने र अन्य कानून व्यवसायीहरुबाट पेशी अगावै लिखित बहस बुँदाहरु लिने, अपवादात्मक अवस्थामा बाहेक एक पक्षबाट सामान्यतया २ पटकभन्दा बढी पेशी स्थगन गर्न नपाउने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जस्ता कार्य गरी इजलासको समय, वहस तथा सुनुवाइ व्यवस्थापन गर्न मेरो प्रयत्न रहने छ ।
- फैसला लेखनको कार्यलाई यथाशक्य कानूनद्वारा सुनिश्चित समयावधिभित्र तयार गरी प्रमाणीकरण गर्ने कुरामा म प्रयत्नशील रहने छु। अपवादको अवस्थामा बाहेक आदेशहरु यथाशीघ्र तयार गर्ने मेरो प्रयत्न रहने छ।
- फैसला तथा आदेश गर्दा निष्कर्षमा पुगेको आधार र कारण आम रुपमा बुझ्ने तथा सम्प्रेषित हुने गरी गुणस्तरीय रुपमा फैसला र आदेश लेखन कार्य गर्ने कुरामा पनि मैले ध्यान दिने छु ।
- सर्वोच्च अदालत समक्ष विविध किसिमका विवादहरु उपस्थित हुन्छन् । ती विवादहरुको गहिराईमा पुगी विवादको निरुपण गर्नका लागि न्यायाधीशहरुको अध्ययनशीलता आवश्यक हुन्छ ।यसैले कानून र न्याय लगायतका विषयमा मैले आफूलाई सदैव अद्यावधिक राख्न स्वअध्ययन र सिर्जनशीलतामा चनाखो रहने छु। साथै, सहयोगका लागि आफ्नो चेम्बरमा एक अनुसन्धान समूह बनाउने पनि सोच राखेको छु ।
- जुनसुकै संस्थामा पनि संस्थागत क्षमता विकासका लागि अघिल्लो पुस्ताबाट भावी पुस्तालाई ज्ञान र सीपको हस्तान्तरण (knowledge and Skill Transfer) गर्दै जानु पर्छ भन्ने पनि मेरो मान्यता रहेको छ।

**अदालत व्यवस्थापनको कार्य**

सर्वोच्च अदालतमा अदालत व्यवस्थापनको सन्दर्भमा न्यायाधीशको प्रत्यक्ष भूमिका र संलग्नता रहने हुँदैन । तथापी सर्वोच्च अदालतको सबै न्यायाधीश सम्मिलित पूर्ण बैठक तथा सर्वोच्च अदालत नियमावलीले व्यवस्था गरेको सम्वद्ध समितिमा रहेको अवस्थामा अदालत तथा मुद्दा व्यवस्थापनमा सहयोगी भूमिका रहन सक्ने हुन्छ ।साथै यस विषयमा आवश्यक अवस्थामा पृष्ठपोषण गर्न सकिन्छ । अदालत तथा मुद्दा व्यवस्थापनको कार्यमा मैले देहायबमोजिमका कार्य हुनुपर्ने आवश्यकता देखेको छु ।

- पुराना मुद्दाको न्यूनीकरण गर्न सर्वोच्च अदालतमा कार्यरत सुपरीवेक्षकहरु मार्फत आन्तरिक निरीक्षणको कार्य अभियानकै रुपमा संचालन गर्नुपर्ने ।
- सर्वोच्च अदालतमा प्रारम्भ गरिएको अटोमेशनका आधारमा पेशी तारेख तोक्ने कार्यलाई अन्य अदालतमा विस्तार गर्ने । क्रमिक रुपमा सूचना पद्धतिमा आधारित स्वचालित एवम् वैज्ञानिक मुद्दा व्यवस्थापन पद्धतिको कार्यान्वयन गर्ने।
- सेवाग्राहीहरुले अदालतबाट प्राप्त गर्ने सेवालाई सहज र सरल बनाउन मुद्दाका पक्षहरुलाई तारेख वा पेशी दिने, वारेसनामा/ सकारनामा लिने, तारेख थाम्ने लगायतका व्यवस्थापकीय कार्यहरु यथाशक्य १ घण्टाभित्रै गर्ने गरी शुरु गरिएको व्यवस्थालाई निरन्तरता दिई थप प्रभावकारी बनाउने ।
- फैसला कार्यान्वयनलाई छिटो, छरितो एवम् प्रभावकारी बनाउनका लागि लगत अद्यावधिक गर्नुको साथै विशेष अभियानलाई निरन्तरता दिंदै थप गतिशील र उद्देश्यमूलक बनाउने।
- न्यायपालिकामा हुन सक्ने अनियमितताप्रति शून्य सहनशीलता अपनाउँदै न्याय परिषद् लगायतका जिम्मेवार निकाय तथा निगरानीमूलक संयन्त्रहरुको सक्रियता र क्रियाशीलता मार्फत प्रभावकारी रूपमा नियन्त्रण गर्ने । यसका लागि सुक्ष्म निगरानी गर्ने कार्यलाई बढाउने । त्यसरी निगरानीमूलक कार्य गर्दा न्यायिक स्वतन्त्रतामा प्रतिकूल प्रभाव नपर्ने गरी सावधानी अपनाउने।
- न्यायपालिकाको काम कारवाही र विचाराधीन मुद्दाहरुमा प्रभाव पार्ने अभिप्रायले अपरिपक्व अवस्थामा नै समाचार प्रकाशन गर्ने र अतिरञ्जित गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र खास गरी महिला, बालबालिका, जेष्ठ नागरिक, विपन्न, असहाय र असमर्थ वर्गका व्यक्तिहरुको न्यायमा सहज पहुँच अभिवृद्धि गराउने । यसका लागि वैतनिक कानून व्यवसायी र प्रोवोनो सेवालाई थप प्रभावकारी बनाउने ।
- महिलासँग सम्बन्धित पारिवारिक प्रकृतिका विवादहरुको शीघ्र निरुपणका लागि काठमाडौं जिल्ला अदालतमा सुरु गरिएको पारिवारिक इजलास गठनको कार्य अन्य जिल्ला अदालतमा पनि विस्तार गर्ने।
- अदालतमा सेवाग्राही मैत्री विशेषतः महिलामैत्री, फरक किसिमको क्षमता भएका व्यक्तिमैत्री एवम् बालमैत्री सुविधाहरुको व्यवस्था गर्ने।

- क्षमता विकासका लागि विषय र आवश्यकता विश्लेषण गरी तालिम नीति तथा योजना बनाई लागू गर्ने । न्यायिक जनशक्तिलाई सेवाग्राहीमैत्री व्यवहार गर्न नियमितरुपमा प्रशिक्षित गर्ने, सो अनुरुप व्यवहार भए नभएको सम्बन्धमा निरन्तर अनुगमन गर्ने र त्यसलाई मूल्यांकनको एक आधार बनाउने।
- नयाँ सार्वजनिक सेवाका मान्यताहरुलाई न्यायिक सेवा प्रवाहमा आत्मसात गर्ने ।
- न्याय सम्पादनको कार्यलाई छिटो, छरितो एवम् प्रभावकारी बनाउन र त्यसको लाभ मुद्दाका पक्ष तथा न्यायका सरोकारवाला सबैले प्राप्त गर्न सक्ने गरी न्यायपालिकामा सूचना प्रविधिको प्रयोग र विकास गर्दै अझै प्रविधिमैत्री बनाउँदै लैजाने ।
- अदालतको कार्यबोझको आधारमा जनशक्ति आवश्यकताको प्रक्षेपण गरी न्यायाधीश र कर्मचारीको दरबन्दी सिर्जना गर्नुपर्ने हुन्छ । यसका लागि तत्काल संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्य गर्ने ।
- अदालतमा लागू हुने सबै किसिमका शुल्कहरु लिने कार्य बैंकिङ प्रणालीका माध्यमबाट भइरहेको छ । यस्ता कुरालाई थप प्रभावकारी बनाई आर्थिक गतिविधिमा पारदर्शीता ल्याउने।
- न्यायिक कार्यप्रति राज्यका सबै सरोकारवाला निकायहरुको सामूहिक जिम्मेवारीको भावना तथा अपनत्व विकास गराउन न्यायक्षेत्र समन्वय समितिहरुलाई सक्रिय र प्रभावकारी बनाउने।
- म्याद तामेली प्रणालीको वर्तमान पद्धतिमा सुधार गरी वैकल्पिक पद्धतिको सम्भाव्यता अध्ययन गरी लागू गर्ने।
- सेवा निवृत्त न्यायाधीशहरुको अनुभवलाई सम्मान गर्दै न्यायपालिकाको विकास र सुधारको लागि उहाँहरुको सहयोग एवम् सल्लाह प्राप्त गर्ने वातावरण सृजना गर्ने।
- सर्वोच्च अदालतबाट समय समयमा भएका अध्ययन प्रतिवेदनका सुझावहरू कार्यान्वयन गर्ने सम्बन्धमा कार्ययोजनाहरू समेत तयार भएको सन्दर्भमा ती अध्ययन प्रतिवेदनका सुझावहरू समयमै समुचित रूपमा कार्यान्वयन गराउने ।

**नीतिगत कार्य**

सर्वोच्च अदालतमा न्यायाधीशको रुपमा कार्यरत रहँदा कानून परिमार्जन लगायतका कुरामा मेरो कुनै प्रत्यक्ष भूमिका र संलग्नता रहँदैन । अपितु, विधायिकाले प्रत्यायोजन गरेको अधिकारको अधिनमा रही अदालत सम्वद्ध नियमावलीको तर्जुमा र कानून परिमार्जन सम्वन्धमा आन्तरिक रुपमा गठन हुने समितिमा जिम्मेवारी पाएको अवस्थामा केही हदमा संलग्नता हुन सक्ने हुन्छ । देहायबमोजिमका नीतिगत कार्य हुन आवश्यक छ भन्ने मेरो दृष्टिकोण छ ।

- सर्वोच्च अदालतमा अहिले मुद्दाको संख्या अत्यधिक छ र मुद्दाको संख्या वृद्धि हुने क्रम पनि बढ्दो छ । सबै किसिमका मुद्दाहरु सर्वोच्च अदालतमा पुग्ने कुरा उपयुक्त पनि हुँदैन । प्रदेश र स्थानीय कानून संविधानसंग बाझिएको हदमा बदर गर्न उच्च अदालतलाई क्षेत्राधिकार दिने, दोहोऱ्याई पाउँन दिने निवेदनहरु हेर्न सम्वन्धित उच्च अदालतहरुमा नै पूर्ण इजासको व्यवस्था गर्ने र सबै मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार क्षेत्र जिल्ला अदालतलाई प्रदान गर्ने गरी सर्वोच्च अदालतमा कार्यबोझ न्यूनीकरण गर्न सकिन्छ । यसका लागि संविधान तथा कानून परिमार्जनको आवश्यकता छ ।
- प्रचलित कानूनमा रहेका फैसलाका ढाँचाहरुमा आवश्यक परिमार्जन गरी फैसला लेखनका लागि सरल र सहज बनाउने।

**६. अन्त्यमा**

मिति २०५० साल श्रावण १ गतेदेखि निजामति सेवा अन्तर्गत न्याय सेवाको शाखा अधिकृतबाट शुरु भएको मेरो न्याय सेवाको यात्राले तीन दशक पार गरेको छ । यस अवधिमा मैले तह तह हुँदै नेपाल सरकारको सचिब पदसम्म सेवा गर्ने अवसर प्राप्त गरी मिति २०७३।९। २९ देखि उच्च अदालतको न्यायाधीश पदमा रही जनताको सेवा गर्दै आएको छु । यी तीस वर्षमा मैले इमानदारिता र निष्ठालाई आदर्श तथा आधार मानी देश र देशवासीका हित र सेवामा आफूलाई समर्पित गरेको छु । उच्च अदालतको न्यायाधीशको रुपमा करिब सात वर्ष सेवा गर्दा जम्मा ४७७५ मुद्दामा फैसला गरेको छु जुन वार्षिक सरदर ७०० को दरले रहेको छ र उच्च अदालतका न्यायाधीशको औसत प्रतिव्यक्ति फछ्यौंट दरभन्दा धेरै माथि छ । मैले न्याय सेवाका विभिन्न पदमा रही कार्य गर्दा सरकारी वकीलको रुपमा अभियोजनसमेतका कार्य, दुवै संविधान सभाको निर्वाचनमा कानून महाशाखा प्रमुख, राज्यकै सर्वोच्च पद राष्ट्रपति र उपराष्ट्रपतिको २०७९ सालको निर्वाचनमा निर्वाचन अधिकृत, केही समय अखितयार दुरुपयोग

अनुसन्धान आयोगमा भ्रष्टाचार विरुद्ध अनुसन्धान कार्य र सचिबका रुपमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा रहँदा संक्रमणकालीन न्यायसम्बन्धी कार्य गर्ने अवसर प्राप्त गरेको थिएँ ।यसरी मैले राज्यका महत्वपूर्ण जिम्मेवारीमा रहँदा तोकिएका सबै जिम्मेवारीहरू कुशलतापूर्वक निर्वहन गरेको छु । मुलुक र मुलकबासीको हित प्रतिकुल हुने गरी कुनै कार्य गरेको छैन । पेशागत मर्यादा र आचरण तथा निष्ठामा कुनै सम्झौता नगरी अबिचलित रुपमा कार्य गर्दै आएको छु ।

न्याय अनुभूत गरिने र सन्तुष्टि प्राप्त गरिने विषय हो । न्यायपालिकाबाट सम्पादन भएका काम कारबाही स्वच्छ, सरल, शीघ्र, प्रभावकारी र गुणस्तरीय भएमा मात्र न्यायका सेवाग्राही र आम जनसाधारणले न्यायको अनुभूति र सन्तुष्टि प्राप्त गर्दछन् । न्यायकर्मीहरुको निष्ठा, इमान्दारिता, लगनशीलता र प्रतिबद्धताले नै न्यायपालिकाबाट प्रवाह हुने सेवालाई स्वच्छ, गुणस्तरीय र प्रभावकारी बनाउन सकिने हुन्छ । सर्वोच्च अदालतको न्यायाधीशको रुपमा कार्य गर्दा पनि म इमान्दारिता, निष्ठा र न्यायको मार्गबाट कहिल्यै बिचलित नभई लगनशीलताका साथ न्यायका शास्वत मूल्य, मान्यता र आदर्शहरुप्रति प्रतिवद्ध रहँदै असल आचरण र आदर्श व्यवहारबाट आफूलाई देश र जनताको सेवामा उत्सर्ग गरी न्याय सम्पादन कार्यलाई सरल, सहजता, स्वच्छ, निष्पक्ष, गुणस्तरीय, पारदर्शी र प्रभावकारी बनाई न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि गर्ने कुरामा अहोरात्र प्रयासरत र प्रतिबद्ध रहने कुरा पुनः सम्मानित समिति समक्ष निवेदन गर्दछु ।

अन्त्यमा, जननिर्वाचित सम्मानित ससंदको सम्मानित र गरिमामय संसदीय सुनुवाइ समिति समक्ष मेरा भावना, बिचार, सोच, दृष्टिकोण र कार्य योजना प्रस्तुत गरी आफूलाई परीक्षण गर्ने अवसर प्रदान गर्नु भएकोमा संसदीय सुनुवाइ समितिका माननीय सभापतिज्यू तथा माननीय सदस्यज्यूहरूप्रति म पुनः सहृदयताका साथ हार्दिक आभार प्रकट र कृतज्ञता ज्ञापन गर्दछु। साथै, यस कार्ययोजनाका सम्बन्धमा माननीय सभापति तथा माननीय सदस्यज्यूहरुबाट महत्वपूर्ण सुझाब र पृष्ठपोषणसमेतको अपेक्षा गरेको छु ।